नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #६

# कोरोना भाइरस (2019-nCoV) acute respiratory disease सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

मंगलबार ।२१ माघ २०७६ (४ फेब्रुअरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २३ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार 2019-nCoV को सङ्क्रमण, मानव-देखि मानवमा सरेको थप पुस्टि भएको छ । यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) करीब २ प्रतिशत Severe Acute Respiratory Syndrome (SARS) को १० प्रतिशत र Middle East Respiratory Syndrome (MERS) को ३७ प्रतिशत; तुलनामा निकै कम छ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

विश्वभर **पुष्टी भएका केसहरूः १७३९१**

चीनमा **पुष्टी भएका केसहरूः १७२३८**

चीनमा **मृत्यु हुनेको संख्याः ३६१**

अन्य प्रभावित देशहरुः २३

पुष्टी भएका केसहरू : १५३

चीन बाहिर **मृत्यु हुनेको संख्याः १ (फिलिपिन्स)**

(* २० माघ २०७६ सम्ममा)

**WHO जोखिम निर्धारण**

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद विरामीको रगत र र्‍यालको नमूनाको जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १३ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १३ जनाको नतिजा रोग नदेखिएको आएको । यस पूर्वको परिक्षण पोजेटिभ देखिएको विरामी स्वस्थ भैसकेको र निजको सम्पर्कमा आएका व्यक्तिहरुमा कुनै लक्षण नदेखिएको । (* २० माघ २०७६ सम्ममा)

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | नजिता आउन बाँकी | जम्मा: |
|---|---|---|---|
| १ | १३ | 0 | १४ |

## मुख्य प्रतिकार्यहरूः

- कोरोना भाइरसको लक्षण १५ दिन भित्र देखिसक्ने हुँदा छिमेकी राष्ट्र चीनबाट नेपाल ल्याइने नेपालीलाई कम्तीमा १५ दिन क्यारेन्टाइनमा राख्नुपर्ने हुन्छ । इन्कुवेसन पिरीयड भर क्वारेन्टाइनमा राखिएका व्यक्तिहरुलाई कोरोना भाइरसको लक्षण देखिएमा तुरुन्त आइसोलेसनमा राखी थप परीक्षण एवं उपचारको व्यवस्थाका लागि अस्पतालहरुमा आइसोलेसन वार्ड तयार पारिएको छ ।
- विमानबाट ल्याउँदा विमानस्थलमा, विमानस्थलबाट क्वारेन्टाइन स्थलसम्म लान र क्वारेन्टाइन स्थलमा स्वास्थ्य सम्बन्धी सेवा परिचालन गर्न र आवश्यक परेमा आइसोलेसन गर्न सम्बन्धीत अस्पतालहरुको तयारी अवस्थामा रहन अपनाउनुपर्ने स्तरीय कार्यविधि (SoP) तयार गरीएको छ ।
- सर्वसाधारणको सुबिधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवं उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म सूचना प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।
- शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन अस्पताल, वीर अस्पतालमा आइसोलेशन ४३ वटा बेडहरू छुट्टाइएको छ ।
- 2019-nCoV सम्बन्धी सूचनामुलक सामाग्रीहरु मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरु प्रशारण गरिएको छ । प्रदेश तथा स्थानीय सरकारले समेत यस सम्बन्धमा सूचना प्रवाह गर्दै आएको ।

## प्रदेशबाट 2019-nCoV सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरुः-

- प्रदेश स्तरमा हेल्थ डेस्कको स्थापना भएको; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता; संकास्पद केसको दैनिक प्रतिबेदन मन्त्रालयमा पठाउने व्यवस्था मिलाईएको; मन्त्रालयले तयार पारेका अल्गोरीदम (algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएको; प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रसंग निरन्तर समन्वयमा रहेको

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

2019-nCoV सम्बन्धी थप श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

"सामाजिक संजाल एवं आम संचार माध्यमबाट तथ्य परक र यथार्थ संदेशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबै क्षेत्रका अधिकारीहरू र साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोगलाई धन्यवाद ज्ञापन गर्दछ

**थप विवरणका लागि तल बक्सामा क्लिक गर्नुहोसः**

**2019-nCoV IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Presentation** | **Contacts**


**स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र**

**फोन:** ०१-४२५०८४५, **फ्याक्स:** ०१-४२५०८४२,

**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np, **fb:**fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,

**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np, **fb:** fb.com/edcdnepal